आज मिति २०८२ चैत्र ०९ गते सोमबारका दिन यस लिखु तामाकोशी गाउँपालिका, धोबी बजार रामेछापको गाउँपालिका जनप्रतिनिधि तथा कर्मचारी बैठक यसै गाउँपालिकाका अध्यक्ष श्री केशब महत ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा निम्नानुसारका प्रस्ताव\छलफलका बिषयहरुमा निर्णयहरु गरियो।

उपस्थिति:

| नाम थर | पद | हस्ताक्षर\दस्तखत |
|---|---|---|
| १) श्री केशब महत | अध्यक्ष | ........................ |
| २) श्री दिपा पाखिन | उपाध्यक्ष | ........................ |
| ३) श्री रामसिंह डडाल | | ........................ |
| ४) श्री किशोरी प्रसाद साह | | ........................ |
| ५) श्री शिव कुमार खड्का | | ........................ |
| ६) श्री भुम बहादुर कुवार | | ........................ |
| ७) श्री रुपेश कुमार साह | | ........................ |
| ८) श्री लोकेन्द्र प्रसाद ख्याल | | ........................ |
| ९) श्री अरुण खड्का | | ........................ |
| १०) श्री नवकृष्ण चौलागाई | | ........................ |
| ११) श्री सन्ध्या पौडेल | | ........................ |
| १२) श्री नन्दा रोकाय | | ........................ |
| १३) श्री सुवन देवकोटा | | ........................ |
| १४) श्री उमेश बहादुर बडुवाल | | ........................ |
| १५) श्री विदु नेपाली | | ........................ |
| १६) श्री सन्तोष घिमिरे | | ........................ |

श्री सुरज बस्नेत

आमन्त्रित /बैठक सहयोगी सुमित्रा लामा

| | | |
|---|---|---|
| १७) श्री | सुमित्रा बस्नेत | ........................ |
| १८. | केशव ब. सुनुवार | |
| १९. | सन्दिप श्रेष्ठ | |

## प्रस्तावहरु/निर्णयहरु

## निर्णय नं. १

**स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (Local Governance Performance Assessment System: LGPAS) को कार्यान्वयन कार्ययोजना**

बागमती प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश सुशासन केन्द्र
जावलाखेल, ललितपुर

स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) को कार्यान्वयन कार्ययोजना

स्थानीय तहको नाम : लिखु तामाकोशी गाउँपालिका, डोरीखर्क, रामेछाप

मिति: २०८२ [illegible]

| LGPAS System को User ID र Password प्राप्त भएको/नभएको | सम्बन्धित शाखाबाट प्रगतिको नियमित प्रविष्टि हुने समयसीमा | सम्पर्क शाखाले एकीकृत प्रारम्भिक प्रतिवेदन प्र.प्र.अ. समक्ष पेश गर्ने मिति | कार्यपालिकाले विषयगत समितिमा छलफल गराई जि.स.स. मा पठाउने मिति | जि.स.स. ले अध्ययन गरी पृष्ठपोषणसहित सम्बन्धित पालिकामा फिर्ता गर्ने मिति | कार्यपालिकाले मूल्यांकन प्रतिवेदन मन्त्रालयमा पेश गर्ने मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| User ID र Password प्राप्त भएको | मिति: २०८२।१२।१३ | मिति: ~~२०८२।१२।१८~~ २०८२।१२।१४ | मिति: ~~२०८२।१२।२४~~ २०८२।१२।१५ | २०८२।१२।२५ | मिति: २०८२।१२।३० | |

स्थानीय तहको तर्फबाट :
नाम : सन्तोष जि.सी.
पद : योजना शाखा प्रमुख
हस्ताक्षर : [signature]
मिति :

जि.स.स. को तर्फबाट :
नाम : डिल बहादुर कार्की
पद : जि.स.अ.
हस्ताक्षर : [signature]
मिति : २०८२।१२।०२

## निर्णय नं. २

**स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (Local Governance Performance Assessment System: LGPAS) स्वःमूल्याङ्कन समन्वय समिति गठन सम्बन्धमा।**

लिखु तामाकोसी गाउँपालिकामा तपसिल बमोजिमको स्वःमूल्याङ्कन समन्वय समिति रहने व्यवस्था बमोजिम गठन गर्ने निर्णय गरियो

१) श्री ........................................ प्रमुख प्रशासकीय अधिकृत - संयोजक
२) श्री भिम बहादुर बुढाथोकी ..... सुशासन तथा संस्थागत विकास क्षेत्र हेर्ने शाखा प्रमुख - सदस्य
३) श्री रामसिंह डंगाल ........ सामाजिक विकास क्षेत्र हेर्ने शाखा प्रमुख - सदस्य
४) श्री तोल प्रसाद पुण्याल ........ आर्थिक विकास क्षेत्र हेर्ने शाखा प्रमुख -सदस्य
५) श्री राकेश कुमार साह ........ पूर्वाधार विकास क्षेत्र हेर्ने शाखा प्रमुख -सदस्य
६) श्री उमेश बहादुर खड्का ........ वन तथा वातावरण क्षेत्र हेर्ने शाखा प्रमुख -सदस्य
७) श्री सन्तोष जि.सी. योजना हेर्ने शाखा प्रमुख - सदस्य सचिव

समितिले प्राविधिक सहयोगका लागि सम्बन्धित विषयक्षेत्र हेर्ने कर्मचारीलाई बैठकमा आमन्त्रण गर्न सक्ने प्रावधान बमोजिम समितिमा

१) श्री सन्दिप श्रेष्ठ सूचना प्रविधि अधिकृत ..................................

**"स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०८२ बमोजिम समितिको काम, कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछः**

(क) स्वःमूल्याङ्कन कार्यको प्रगतिका सम्बन्धमा छलफल गरी आवश्यक समन्वय र सहजीकरण गर्ने,

(ख) स्वःमूल्याङ्कन कार्य सम्पन्न गर्न सम्बन्धित शाखालाई आवश्यक निर्देशन दिने,

(ग) मूल्याङ्कनको अन्तिम नतिजा र प्राप्त पृष्ठपोषणका आधारमा सुधारको कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने, गराउने ।

## निर्णय नं. ३

**स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (Local Governance Performance Assessment System: LGPAS) मा आ.व. २०८१/०८२ को विवरण प्रविष्टि गर्ने सम्बन्धमा ।**

साविकमा सञ्चालनमा रहेका स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७; स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७७ र स्थानीय आर्थिक विकास मूल्याङ्कन कार्यविधि, २०७९ बमोजिम हुँदै आएका स्व/मूल्याङ्कन कार्य मिति २०८२।०३।१३ को निर्णयबाट स्वीकृत (माननीय मन्त्रीस्तर) स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन कार्यविधि, २०८२ (मिति २०८२।११।१३ को माननीय मन्त्रीस्तरको निर्णयबाट भएको पहिलो संशोधनसमेत) बमोजिमको स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (Local Governance Performance Assessment System: LGPAS) मार्फत चालु आ. व. २०८२/०८३ मा सम्पन्न गर्नुपर्ने विषय विदितै छ। सो सम्बन्धमा देहाय बमोजिम गर्नु/गराउनु हुन परिपत्र गरिएको हुँदा सो बमोजिम गर्ने निर्णय गरियो ।

देहायः

१. गाउँपालिकाले स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणालीको प्रयोगका लागि उपलब्ध गराइएको युजर नेम (User Name) र पासवर्ड (Password) मार्फत मिति २०८२।११।१९, मंगलबार दिउँसो ११:०० देखि सुचारु हुने प्रणालीमा पहुँच कायम (Log In) भएको ।

२. गाउँपालिकाले आ. व. २०८१/०८२ को स्वमूल्याङ्कन चालु आ. व. २०८२/०८३ को मिति २०८२ चैत्र १५ भित्र सम्पन्न गरी प्रारम्भिक नतिजा जिल्ला समन्वय समितिमा पठाउने,

३. मिति २०८२ चैत्र २५ भित्र जिल्ला समन्वय समितिले गाउँपालिकाबाट पेस भएको प्रारम्भिक नतिजा अध्ययन गरी सम्बन्धित गाउँपालिकालाई पृष्ठपोषण आउने,

४. मिति २०८२ चैत्र मसान्तभित्र गाउँपालिकाले प्रणालीमा स्वमूल्याङ्कनको अन्तिम प्रविष्टि गरी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउने ।

## निर्णय नं. ४

### कार्यसम्पादनको स्वःमूल्याङ्कन सम्बन्धमा।

गाउँपालिकाले देहाय बमोजिमको प्रक्रिया अवलम्बन गरी आफ्नो कार्यसम्पादनको स्वःमूल्याङ्कन गर्नुपर्नेछः

(क) सम्बन्धित विषयगत शाखाले आफ्नो जिम्मेवारीमा पर्ने सूचकको प्रगतिसँग सम्बन्धित तथ्य, तथ्याङ्क र प्रमाणको अद्यावधिक अभिलेख राखे र हरेक सूचकसँग सम्बन्धित कार्य सम्पन्न भएको बढीमा तीस दिन भित्र सो वापतको अङ्क र पुष्ट्याईका आधार तथा प्रमाण सहितको विवरण प्रणालीमा प्रविष्टि गर्ने,

(ख) सम्पर्क शाखाले खण्ड (क) बमोजिम प्रविष्ट विवरणको रुजु गरी सम्बन्धित विषयगत शाखासँगको समन्वयमा आवश्यक संशोधनसहित सबै सूचकहरुको समग्र प्रगति प्रणालीमा अद्यावधिक गरी राखे र भाद्र १५ गतेभित्र प्रणालीबाट एकीकृत प्रारम्भिक प्रतिवेदन सिर्जना गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने,

(ग) प्रमुख प्रशासकीय अधिकृतले सम्पर्क शाखाबाट प्राप्त एकीकृत प्रारम्भिक प्रतिवेदन उपर स्वःमूल्याङ्कन समन्वय समितिको बैठकमा छलफल गराई आवश्यक संशोधन सहित अध्यक्ष/प्रमुखसँगको समन्वयमा कार्यपालिकामा पेश गर्ने,

(घ) स्वःमूल्याङ्कन समन्वय समितिले खण्ड (ग) बमोजिम प्रतिवेदनमा संशोधन गर्ने क्रममा सम्बन्धित विषयगत शाखासँग आवश्यक छलफल तथा समन्वय गर्ने,

(ङ) अध्यक्ष/प्रमुखले स्वःमूल्याङ्कनको प्रारम्भिक प्रतिवेदन उपर सम्बन्धित विषयक्षेत्रको सूचकको प्रारम्भिक नतिजाका सम्बन्धमा कार्यपालिकाका सम्बन्धित विषयगत समितिमा छलफलका लागि पठाउने,

(च) विषयगत समितिले खण्ड (ङ) बमोजिम प्राप्त प्रारम्भिक नतिजा उपर छलफल गरी पृष्ठपोषण सहित कार्यपालिकामा पेश गर्ने,

(छ) कार्यपालिकाले विषयगत समितिबाट प्राप्त पृष्ठपोषण समेतका आधारमा प्रारम्भिक नतिजामा आवश्यक संसोधन गरी चैत्र १५ भित्र प्रमुख प्रशासकीय अधिकृत मार्फत पृष्ठपोषणका लागि जिल्ला समन्वय समितिमा पठाउने,